# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड १, संख्या ३५, फागुन २६ गते, २०७५ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग १

## बेसीशहर नगरपालिका बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

**प्रस्तावना** :देशमा रहेको वालविवाह जस्ता कुप्रथाहरुको अन्त्यगर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०७५ बेसीशहर नगरकार्यपालिकाले जारी गरेको छ ।

<u>परिच्छेद १</u>

१. **संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम“बालविवाह विरुद्ध कार्यक्रम संचालनखर्च कार्यविधि २०७५”रहेको छ ।

(ख) यो कार्यविधि बेसीशहर नगरकार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) “प्रदेश र स्थानीयतहको वालअधिकार समिति”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय ” भन्नाले महिला, वालवालिकातथा ज्येष्ठनागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “राष्ट्रिय वालअधिकार परिषद”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिमनियुक्तभएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।
(ङ) "वालविबाह"भन्नाले २० वर्षउमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।
(च) "विभाग " भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।
(छ) "स्थानीय तह"भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजनातथाकार्यक्रमहरुमाबालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमाकार्यान्वयनगर्ने ।
२. बालविवाह विरुद्धमाबालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चतगर्ने
३. बालविवाहलाई प्रोत्साहनगर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायतअन्य सम्बद्ध सरोकारवालाहरूको क्षमताविकास गरी परिचालनगर्ने ।
४. बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

**४. कार्यकम संचालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथाप्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतनाअभिबृद्धि गर्ने कार्यकमहरु संचालनगर्ने ।
२.बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका वालवालिकाहरुको क्षमताअभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्थागर्ने ।
३. वालमैत्रीपुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।
३. बालविवाह विरुद्ध सामुदायिकस्तरमा बालक्लब, युवाक्लबवाअन्य समुहनिर्माण गर्ने वाभएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहनगर्ने कार्यकमहरु संचालनगर्ने ।
४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरीवालविवाह विरुद्ध पारिवारीक सचेतनाकार्यकम संचालनगर्ने ।

५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्यगर्ने कार्यमावालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतनाकार्यक्रमहरु संचालनगर्ने ।

## परिच्छेद ३

**५. खर्च र लेखापरीक्षणः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्तभएको रकमखर्चको प्रचलित कानुनवमोजिम आयव्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रमखर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रतिमन्त्रालयमा पठाउनुपर्नेछ ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी बेसीशहर नगरपालिकाले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिकविकासमन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमामहिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद : ४

**७. विविधः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

**आज्ञाले,**
**मोहन प्रसाद मरासिनी**
**प्रमुख प्रशासकिय अधिकृत**